# NSW सार्वजनिक विद्यालयहरूमा उच्च क्षमता र प्रतिभाशाली शिक्षा – आमाबाबु र हेरचाहकर्ताहरूको लागि मार्गनिर्देशन

उच्च सम्भावित र प्रतिभाशाली शिक्षा (High Potential and Gifted Education (HPGE)) ले NSW सार्वजनिक विद्यालयका सबै विद्यार्थीहरूलाई उनीहरूको विशिष्ट सिकाइ आवश्यकताहरू पूरा गरेर उनीहरूको सिकाइमा रुचि र चुनौती बनाई राख्न मद्दत गर्दछ। यसले सम्भावितका 4 विधा (प्रकारहरू) मा ध्यान केन्द्रित गर्दछ: रचनात्मक, बौद्धिक, शारीरिक र सामाजिक - भावनात्मक।

## सम्भाव्यताका 4 विधाहरू

सम्भाव्यताका विधाहरू 4 मुख्य प्रकारका प्राकृतिक क्षमताहरू हुन सक्छन्। तिनीहरू प्रायः ओभरल्याप हुन्छन् र एकअर्काबाट अत्यधिक प्रभावित हुन्छन्। यी विधाहरू हुन्:

**रचनात्मक विधा** – कल्पना, मौलिकता र नयाँ विचारहरू प्रयोग गर्ने क्षमताहरूलाई जनाउँछ। यी क्षमताहरू बच्चाहरूमा छोटो कथा लेख्ने, गीत रचना गर्ने, पोस्टर कोर्ने, गणितको समस्याको अनौठो समाधान विकास गर्ने, वा नृत्य रचना गर्ने तरिकाबाट देख्न सकिन्छ।

**बौद्धिक विधा** – जटिल विचारहरू बुझ्ने, समस्याहरू समाधान गर्ने र ज्ञान लागू गर्ने क्षमताहरूलाई जनाउँछ। उदाहरणका लागि, बच्चाले छिटो र सजिलै सिक्न सक्छ, वा दर्शन, विज्ञान वा पुस्तकहरूको गहिरो समझ देखाउन सक्छ।

**भौतिक विधा** – मानव चालमा प्राकृतिक क्षमताहरूलाई जनाउँछ। उदाहरणको लागी, खेल गतिविधि, सिलाई, काष्ठकर्म वा ईन्जिनियरिङको समयमा। यी क्षमताहरू कक्षाकोठा र खेल मैदानमा, साथै पाठ्येतर विद्यालय र सामुदायिक अवसरहरू र प्रतियोगिताहरू मार्फत देख्न सकिन्छ।

**सामाजिक – भावनात्मक विधा** – उनीहरूको भावनाहरू व्यवस्थापन गर्ने र अरूसँग सम्बन्ध बनाउने क्षमताहरूलाई जनाउँछ। यी क्षमताहरू सहपाठीहरू, शिक्षकहरू, र आमाबाबु वा हेरचाहकर्ताहरूसँग अन्तर्क्रियाको माध्यमबाट प्रदर्शन गर्न सकिन्छ। उदाहरणका लागि, एक बच्चा नेतृत्व गर्न र अरूसँग काम गर्न, वा उद्यमशीलता सीप देखाउनमा धेरै विश्वस्त र राम्रो हुन सक्छ।

## विद्यालयहरूले कसरी उच्च क्षमता र प्रतिभाशाली विद्यार्थीहरूलाई सहयोग गर्छन्?

बच्चाको क्षमता फरक हुन सक्छ, त्यसैले उनीहरूलाई विभिन्न प्रकारका सहयोग र शिक्षण आवश्यक पर्न सक्छ। जस्तै:

**उच्च सम्भावित विद्यार्थीहरू** ती हुन् जसको क्षमता समान उमेरका विद्यार्थीहरू भन्दा उच्च छ, र उनीहरूले बढी चुनौतीबाट फाइदा लिन सक्छन्।

**प्रतिभाशाली विद्यार्थीहरूसँग** समान उमेरका विद्यार्थीहरूको तुलनामा धेरै उच्च क्षमता हुन्छ र अवसर दिंदा उनीहरूको प्रतिभा छिटो र सजिलै विकास गर्न सक्छन्।

**उच्च प्रतिभाशाली विद्यार्थीहरूसँग** असाधारण क्षमता हुन्छ र उनीहरूको उन्नत सिकाइ आवश्यकताहरू पूरा गर्न महत्त्वपूर्ण समायोजनहरू आवश्यक पर्न सक्छ।

विद्यालयहरूले विभिन्न शिक्षण अभ्यासहरू र कार्यक्रमहरूको माध्यमबाट उच्च क्षमता र प्रतिभाशाली विद्यार्थीहरूलाई सहयोग गर्छन्। यसमा निम्न कुराहरू समावेश हुन सक्छ:

- विद्यार्थीहरूलाई चुनौती र प्रेरणा दिने पाठहरू
- संवर्धन गतिविधिहरू र पाठ्येतर कार्यक्रमहरू
- समान क्षमता भएका अन्य विद्यार्थीहरूसँग समूहीकरण गर्ने
- उपयुक्त भएमा प्रवेग (पाठ्यक्रममा छिटो अघि बढ्ने) जस्ता उन्नत सिकाइ मार्गहरू
- कल्याण र सामाजिक कौशल विकासको लागि सहयोग।

यसको लक्ष्य भनेको विद्यार्थीहरूलाई उच्च क्षमताबाट उच्च प्रदर्शनमा जान मद्दत गर्नु हो – चाहे त्यो विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित, भाषा, कला, खेलकुद, नेतृत्व वा अन्य क्षेत्रमा होस्।

## हरेक विद्यार्थी अद्वितीय हुन्छ

उच्च क्षमता भएका विद्यार्थीहरू अपाङ्गता भएका वा विभिन्न पृष्ठभूमि र भाषा समूहहरू लगायत कुनै पनि पृष्ठभूमिबाट आउन सक्छन्। केहीले पहिले नै स्कूलमा धेरै राम्रो गर्छन्, जबकि अरूलाई आफ्नो सबै भन्दा राम्रो प्रदर्शन गर्न थप मद्दत चाहिन्छ। यो एक सामान्य गलत बुझाइ हो कि प्रतिभाशाली विद्यार्थीहरूलाई सहयोगको आवश्यकता पर्दैन किनकि केहीलाई रुचि राख्न र स्कूलमा राम्रो गर्नको लागि विशेष मद्दत चाहिन्छ।

## यदि तपाइँ विश्वास गर्नुहुन्छ कि तपाइँको बच्चामा उच्च क्षमता छ वा प्रतिभाशाली हुन सक्छ भने के गर्ने?

यदि तपाईंलाई लाग्छ कि तपाईंको बच्चामा उच्च क्षमता हुन सक्छ वा प्रतिभाशाली हुन सक्छ भने, कृपया आफ्नो बच्चाको शिक्षकसँग यसबारे छलफल गर्नुहोस्। जब तपाईं शिक्षकसँग कुरा गर्नुहुन्छ, कृपया तपाईंको बच्चाले के गर्छ भन्ने उदाहरणहरू दिनुहोस् जुन कुनै पनि विधामा उच्च क्षमता वा प्रतिभाको संकेत हुन सक्छ।

आमाबाबु र हेरचाहकर्ताहरूले आफ्नो बच्चाको सिकाइमा संलग्न भएर, आफ्नो बच्चाको बारेमा अन्तरदृष्टि साझा गरेर र स्कूलको साझेदारीमा काम गरेर महत्त्वपूर्ण भूमिका खेल्छन्।

## HPGE नीति

उच्च सम्भावित र प्रतिभाशाली शिक्षा नीति (High Potential and Gifted Education Policy) NSW भरका प्रत्येक सार्वजनिक विद्यालयमा प्रयोग गरिन्छ। यसले शिक्षकहरूलाई उच्च क्षमता र प्रतिभाशाली विद्यार्थीहरूलाई के चाहिन्छ र उनीहरूलाई कसरी बढ्ने र सफल हुने अवसरहरू प्रदान गर्ने भनेर मूल्याङ्कन गर्न र पहिचान गर्न मद्दत गर्दछ।

## थप जानकारी कहाँ पाउन सकिन्छ?

- NSW का प्रत्येक सार्वजनिक विद्यालयले HPGE गतिविधिहरू प्रदान गर्दछ। थप विवरणहरूको लागि कृपया तपाईंको बच्चाको स्कूल वेबसाइटमा हेर्नुहोस्।
- विद्यालयले उच्च क्षमता र प्रतिभाशाली शिक्षार्थीहरूलाई कसरी सहयोग गर्छ भनेर सोध्न तपाईं आफ्नो बच्चाका शिक्षकहरूसँग कुरा गर्न सक्नुहुन्छ।
- नीति र स्रोतहरू अन्वेषण गर्न विभागको उच्च क्षमता र प्रतिभाशाली शिक्षा (High Potential and Gifted Education) वेबसाइटमा जानुहोस्।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईंलाई उच्च क्षमता र प्रतिभाशाली शिक्षाको बारेमा तपाईंको बच्चाको स्कूलसँग कुरा गर्न दोभाषे सहायता चाहिन्छ भने, कृपया 131 450 मा फोन गर्नुहोस्, अपरेटरलाई बताउनुहोस् कि तपाईंलाई कुन भाषामा बोल्न चाहनुहुन्छ र उनीहरूलाई स्कूलमा फोन गर्न भन्नुहोस्।

अपरेटरले तपाईंलाई कुराकानी गर्न सहयोग गर्न लाइनमा एक दोभाषे उपलब्ध गराउनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।